प्रदेश सरकार
**उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय**
गण्डकी प्रदेश
**घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय,**
गोरखा नेपाल ।

**उपर्युक्त प्रविधि हस्तान्तरण गर्ने संम्वन्धि**

**प्रथम पटक प्रकाशित** मिति : २०७५/१०/०७

# सूचना । सूचना ॥ सूचना ॥।

यस कार्यालयको चालु आ.ब. २०७५।०७६ को वार्षिक स्विकृत कार्यक्रम अनुसार यस कार्यालयमा दर्ता भई संचालनमा रहेका लघु,घरेलु तथा साना उद्यमीहरुलाई उपर्युक्त प्रविधि (मेशिन औजार उपकरण ) हस्तान्तरण कार्यक्रम अन्तरगत मेशिन तथा उपकरणमा प्रति उद्यमी ८०% रकम यस कार्यालयले वेहोर्ने र २०% उद्यमी स्वयमले संम्वन्धित सप्लायर्सलाई व्यहोर्ने गरी अधिकतम वढिमा रु.१,००,०००।-(एक लाख ) सम्मको मेशिन औजार उपकरण हस्तान्तरण गर्न सकिने भएकाले इच्छुक उद्यमीहरुले यो सूचना प्रकासित भएको मितिले ३० दिन भित्र रु.१००।- (एक सय ) को दर्खास्त शुल्क तथा तपशिलमा उल्लेखित कागजात सहित यस कार्यालयमा दर्खास्त दिन हुन यो सूचना प्रकाशित गरिएको छ ।

(नवराज राउत)
**प्रमुख उद्योग अधिकृत**

**तपशिल :**

**निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

१ उद्यमीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
२) उद्योग दर्ता/नविकरण अध्यावधिक भएको प्रमाण पत्रको प्रतिलिपी
३) स्थायि लेखा दर्ता प्रमाण पत्रको प्रतिलिपी
४) आ.ब ०७४/०७५ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी ,
५) उद्योगको व्यवसायिक परियोजना (स्कीम)
६) संम्वन्धित विषयमा तालिम लिएको प्रमाण पत्रको प्रतिलिपी

**नोट :**

१) दरखास्त दिदा प्रविधि मेशिन उपकरण हस्तान्तरण कार्यविधी २०७३ को अनुसुची १ वमोजिमको ढाँचामा उद्यमी स्वयंले दिनुपर्ने छ ।
२) म्याद नाघि र रित नपुगी आएका दर्खास्तलाई यस कार्यक्रममा सहभागि गराइने छैन ।
अन्य आवश्यक कुरा वुझ्नु परेमा यस कार्यालयको टेलिफोन तथा फ्याक्स नं. इमेल gorkhagharelu@gmail.com र ०६४-४२०१९३ मा सम्पर्क गर्नुहोला ।

श्रीमान् प्रमुख उद्योग अधिकृत ज्यू
घरेलु तथा साना उद्योग विकास समिति
शाखा कार्यालय, गोरखा

मिति २०७५।   ।   गते

बिषय : प्रविधि उपलब्ध गराई पाउँ ।

महोदय

मेरो/हाम्रो नाममा घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय, गोरखामा दर्ता भएको दर्ता न......................,...........को.......................................................................उद्योग प्रवर्द्धन गर्न आवश्यक भएकोले प्रविधि अनुदान अन्तर्गत निम्न बमोजिमका मेसिन/औजार/उपकरण उपलब्ध गराई दिनु हुन निवेदन दस्तुर वापत रु १००।– (एक सय मात्र)राजश्व दाखिला गरेको बैंक भौचर / नगदी रसिद सहित यो निवेदन पेश गरेको छु/छौं । उल्लेखित प्रविधि अनुदान अन्तर्गत मेसिन/औजार/उपकरण उपलब्ध गराई पाउँ ।

निवेदकको विवरण :

१. उद्योगको नाम :-
२. उद्योगको ठेगाना :-
३. प्रोपाईटरको नाम थर :-
४. प्रोपाईटरका ठेगाना :-
५. उद्योगमा लगानी भएको कूलपुँजी रु.   स्थिर रु.   चालु रु.
६. बार्षिक उत्पादन क्षमता : परिमाण :-   मुल्य :-रु.
७. उद्देश्य :-
८. रोजगारी संख्या :
९. माग गरेको मेसिन/औजार/उपकरणको विवरया

| क्र.स. | मेसिन/औजारको नाम | संख्या | दर | जम्मा मुल्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| | जम्मा | | | | |

अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरु :

१. उद्योग दर्ता/ नविकरण प्रमाण पत्र ।
२. PAN/VAT मा दर्ता भएको प्रमाण पत्र र कर चुक्तापत्र (गत आ.व.सम्मको) ।
३. उद्योगको व्यवसायिक योजना (स्किम) ।
४ तालिमको प्रमाणपत्रहरुको प्रतिलिपीहरु ।

निवेदक :
नाम :
दस्तखत :
मिति :
सम्पर्क नं./ मोवाईल नं.: